कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# घलेम्दी हाईड्रो लिमिटेड
# GHALEMDI HYDRO LIMITED

काठमाण्डौ महानगरपालिका १६, वनस्थली, काठमाण्डौ ।
फोन नं.+९७७ ०१४३६२५२० इमेल:ghalemdi@gmail.com, वेवसाइट :www.ghalemdi.com

## को

## विवरण–पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३०, धितोपत्र दर्ता तथा नियामावली, २०७३ तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

**दरखास्त साथ प्रति साधारण शेयर रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

कम्पनीले आफ्नो जारी पूँजी रु.५५,००,००,०००/– (अक्षरुपी रुपैंया पचपन्न करोड मात्र) मध्ये १० प्रतिशतको दरले हुन आउने रु.५,५०,००,०००। रकम बराबरको रु.१००/– अंकित दरका ५,५०,००० कित्ता थान साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) म्याग्दी जिल्ला अन्नपूर्ण गाउँपालिका बासिन्दाहरुको निमित्त धितोपत्र दर्ता तथा निष्काशन नियमावली (प्रथम संशोधन), २०६५ को अधिनमा रही निष्काशन गरिएको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ३.८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र दर्ता तथा निष्काशन नियामावली, २०७३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस कम्पनीले जारी गर्न लागेको प्रथमिक निष्कासनलाई ईक्रा नेपाल लिमिटेडले औसत भन्दा तल आधारहरु (Below Average Fundalmentals) जनाउने "**{ICRANP} IPO Grade 4**" ग्रेडिङ्ग ई. स. मिति २०१७।१२।०५मा प्रदान गरिएको छ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ३.२२(ट)मा उल्लेख गरिएको छ ।

**नेटवर्थ सम्बन्धी विवरण**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७८।६६ | ८०।०७ | ७९।९७ | ८४।७० | ९३।२३ | ९३।४८ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | - | - | ५।४७ | ७।२० |
| संचित नाफा-नोक्सान | ०।०० | ०।०० | ०।०० | ०।०० | | |

| | |
|---|---|
| **विद्युत उत्पादन अनुमतिको बांकी अवधी** | **३० वर्ष ७ महिना** |
| **साधरण यस कम्पनीको जलविद्युत आयोजना प्रति मेघावाट लागत** | **रु १८.८० करोड** |
| **लगानी फिर्ता हुने अवधी** | **८.१० वर्ष** |
| **डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी** | **२२.८४ वर्ष** |

**यस विवरणपत्र मार्फत उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरिने साधारण शेयरहरु बाँडफाँड भएको मितिले तीन बर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।**

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७५/०३/०६ गते ।**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७५/०३/१० निष्काशन खुल्ला मिति : २०७५/०३/२२ गते**

**निष्काशन बन्द हुने मिति (छिटोमा): २०७५/०४/०४ गते निष्काशन बन्द हुने मिति (ढिलोमा): २०७५/०४/२० गते**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

VIBOR
भिबोर क्यापिटल लि.
VIBOR CAPITAL LTD.

## भिबोर क्यापिटल लिमिटेड

**(नेपाल धितोपत्र बोर्डबाट अनुमती प्राप्त)**

**(निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन)**

ट्रेड टावर, थापाथली, काठमाण्डौ, फोन नं. ०१ ५१११११५९, ०१ ५१११११७२
वेवसाइट : www.viborcapital.com.np, इमेल : info@viborcapital.com

**यो विवरणपत्र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.viborcapital.com, निष्काशनकर्ता कम्पनी घलेम्दी हाईड्रो लिमिटेडको website: www.ghalemdi.com र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

**ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा धितोपत्र दर्ता तथा निष्काशन नियामावली, २०७३ बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले भिबोर क्यापिटल लिमिटेड, ट्रेडटावर, थापाथली, काठमाण्डौ लाई सम्झनु पर्दछ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयरलाई सम्झनु पर्दछ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी घलेम्दी हाईड्रो लिमिटेडलाई सम्झनु पर्दछ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फाराम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य तथा विकास बैंकलाई सम्झनु पर्दछ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल विद्युत प्राधिकरण तथा विद्युत विकास विभागलाई सम्झनु पर्दछ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले घलेम्दी हाईड्रो लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापनलाई सम्झनु पर्दछ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

ञ) "स्थानियवासी" भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिकामा स्थायी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

**२. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :**

यस विवरण-पत्र मार्फत निष्काशित साधारण शेयर विक्रि वितरणका लागी देहाय बमोजिम स्थाानमा दरखास्त पाउन, रकम जम्मा गर्न र दरखास्त फाराम बुझाउन सकिने व्यवस्था गरिएको छ ।

(क) ग्लोबल आईएमई बैंक लिमिटेड, बेनी, म्याग्दी ।
(ख) प्रभु बैंक लिमिटेड, वेनी, म्याग्दी ।
(ग) गरिमा विकास बैंक लिमिटेड, पोखरेवगर, म्याग्दी ।
(घ) माछापुच्छ्रे बैंक लिमिटेड, बेनी, म्याग्दी ।
(ङ) निष्काशन तथा विक्री प्रबन्धकले निष्काशन खुल्ला सम्बन्धि सूचना प्रकाशित गरी आयोजना प्रभावित क्षेत्रमा तोकेका स्थानहरु ।

**दरखास्त फाराम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ ।**

**ग १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**२. संगठित संस्थाको उद्घोषण :**

**(क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामुहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस घलेम्दी हाईड्रो लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बिद्युत प्राधिकरण आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनी रजिष्ट्रारको कार्यालयबाट यस कम्पनीको पछिल्लो आ.व. २०७३।०७४ सम्मको अध्याबधिक भईसकेको छ ।

**(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२. यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।

३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।

४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

५. यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

## ३. संगठित संस्था सम्बन्धी जानकारी :

### क. संगठित संस्थाको पृष्ठभूमिः

**(१) संगठित संस्थाको नाम :** घलेम्दी हाईड्रो लिमिटेड **(Ghalemdi Hydro Ltd.)**

**(२) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(३) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ महानगरपालिका १६, वनस्थलीमा रहेको छ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**(४) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं महानगरपालिका १६, वनस्थलीमा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**(५) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

(अ) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजीक्षेत्रका उद्यमीहरु मिलेर सर्वप्रथम मिति २०६९/०८/१४ गते रेलिनार कम्पनी इनर्जी प्राइभेट लिमिटेडेको नामबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) म्याग्दी जिल्लाका स्थानिय बासिन्दाहरु तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले पुन मिति २०७०/०९/२४ गते नाम परिवर्तन गरी घलेम्दी हाईड्रो लिमिटेडको रुपमा पब्लिक लिमिटेडमा परिणत भएको कम्पनी हो ।

(आ) हाल यस कम्पनीमा १३०२ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, निमार्ण, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

(इ) यस कम्पनीको प्रवन्धपत्रमा ब्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई "क" बर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित स्थानीय जिल्लाबासी, कर्मचारी र सर्वसाधारणहरु) लाई "ख" वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७०% शेयर "क" बर्गका संस्थापक शेयरधनी तथा ३०% "ख" वर्गका सर्वसाधारणहरु मध्ये, १०% प्रतिशत उद्योग प्रभावित क्षेत्र म्याग्दी जिल्ला अन्नपूर्ण गाउँपालिकाका स्थानीय बासिन्दाहरुलाई, २०% सर्वसाधारणहरु (देश भरिका सर्वसाधरण लगानीकर्ता तथा कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।

(ई) यस कम्पनीले म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ४ स्थित आफ्नै स्वामित्वमा घलेम्दी खोला जलविद्युत आयोजना (५) मेगावाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरी आयोजना विकास तथा निर्माण गर्ने कार्यमा अघि बढिरहेको छ । जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप घलेम्दी खोला जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७०/०९/१४ गते (४ मेगावाटको लागि) र मिति २०७०/१२/२५ (१ मेगावाटको लागि) विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरेको छ भने उक्त अनुमती पत्र मिति २१०५/०९/१३ गते सम्म बहाल रहनेछ ।

(उ) धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा भएको ब्यबस्था बमोजिम उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित क्षेत्र) का बासिन्दाहरुलाई छुट्टयाइएको जारी पूँजी मध्येको १०% साधारण शेयर निष्काशन तथा बिक्री गरी बाँडफाँड गरे पश्चात मात्र सर्वसाधारणको लागी छुट्टयाइएको जारी पूँजी मध्येको २०% साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ ।

(ऊ) सर्वप्रथम घलेम्दी खोला जलबिद्युत आयोजनाबाट ४ मेगावाट विद्युत क्षमता उत्पादन गर्न अनुमतिपत्र प्राप्त कम्पनी सिमाट पावर डेभलपमेन्ट कम्पनी प्रा.लि.ले उत्पादन गर्ने विद्युतशक्ति कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच मिति २०६९ साल चैत्र ३० गते खरीद-बिक्री सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । उक्त सम्झौताको पहिलो संशोधन मिति २०७२ साल जेष्ठ २० गते साबिक कम्पनी सिमाट पावर डेभलपमेन्ट कम्पनी प्रा.लि. को सम्झौतासँग सम्बन्धित सम्पुर्ण हक तथा दायित्व घलेम्दी हाइड्रो लिमिटेडको नाममा नामसारी हुने भनी साबिक कम्पनी, घलेम्दी हाइड्रो लिमिटेड र नेपाल विद्युत

प्राधिकरण बिच सम्झौता पत्रमा हस्ताक्षर भईसकेको छ ।

दोश्रो संशोधन मिति २०७४ आषाढ १३ गते, मुल सम्झौतामा व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति २०७४ आषाढ १७ गते तोकिएता पनि "नाकाबन्दीका कारण निजी क्षेत्रका निर्माणाधीन आयोजनाहरुको च्ऋइम् थप गर्ने कार्यविधि, २०७२" बमोजिम काबु बाहिरको परिस्थिति उत्पन्न भइपरि आएकोले व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति २०७४ कार्तिक ३० गते देखि लागु हुने गरी नेपाल विद्युत प्राधिकरण र घलेम्दी हाइड्रो लिमिटेड बिच सहमति पत्रमा हस्ताक्षर भइसकेको छ ।

तेस्रो संशोधन मिति २०७४ श्रावण १९ गते थप १ मेगावाट क्षमताको विद्युत खरीद बिक्री सम्झौता भएको छ । यसको अवधि आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहनेछ ।

ए. कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

क. घलेम्दी खोला जलविद्युत आयोजनाबाट वार्षिक २९,१२३,५६१ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि २४,२५६,०४३ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि ४,८६७,५१८ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

ख. विद्युतको खरीद मूल्य वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु. ४/८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायामका लागि प्रति किलोवाट घण्टा रु. ८/४० (आठ रुपैंया चालिस पैसा मात्र) तोकिएको छ। यो खरिद दरको लागि व्यापारीक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरि बार्षिक ३ (तीन) प्रतिशतका दरले ५(पाँच) पटक सम्म मुल्यबृद्धि गरिनेछ भने थप १ मेगावाटको ८ पटक सम्म मुल्य वृद्धि हुनेछ ।

ग. नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा **(Excess Energy)** को हकमा विद्युत खरिद बिक्री सम्झौताको तेस्रो संशोधनको दफा ९ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत)का दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले सोही अनुसार भुक्तानी गर्नेछ ।

घ. कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुर्नस्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.बाट गरेको छ र गरिने छन् ।

ऐ. १. आयोजनाको जलविद्युत कुल क्षमता : ५ मेगावाट

२. आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति.२०७०/०९/१४

३. अनुमति बहाल रहने अवधि मिति.२१०५/०९/१३

४. आयोजनाको लागत रु.९४ करोड ।

५. आयोजनाको प्रति मेगावाट लागत रु.१८.८० करोड ।

६. आयोजनाको साधरण लगानी फिर्ता हुने अवधि ८.१० वर्ष

७. डिस्काउण्टमा लगानी फिर्ता हुने अवधी २२.८

८. थप १ मेगावाट विद्युत उत्पादन अनुमति पत्र प्राप्त मिति २०७४/१२/२५

९. व्यापारिक उत्पादन शुरु हुने संभावित मिति २०७५/०६/१५

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :**

(क) स्विकृति लिनुपर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई नेपाल अधिराज्यका विभिन्न खोला, नदिनाला, ताल तथा अन्य वैकल्पिक श्रोतबाट निजी क्षेत्रमा विद्युत शक्ति उत्पादन गरि बजारको माग बमोजिम कम तथा उच्च भोल्टेजको प्रसारण लाईन द्वारा उपभोक्ताहरुलाई सोझौ बिक्री वितरण (प्रसारण) गर्ने ।

(ख) नेपाल सरकारबाट समय समयमा आवह्रन भएका टेण्डर तथा ठेक्का पट्टामा भाग लिई विद्युत उत्पादन गरि नेपाल सरकारलाई जलविद्युत विकासमा सहयोग गर्ने कार्य गर्ने ।

(ग) बिद्युत शक्तिको विकास र जलस्रोतको क्षेत्रमा आवश्यक परामर्श तथा प्रशिक्षण दिने ।

(घ) जलस्रोत सम्बन्धिका मेशिनरि सामान तथा इलोक्ट्रोनिक्स सामानहरु स्वदेश तथा विदेशबाट आयात गरि बिक्रि गर्ने तथा भाडामा दिने ।

(ङ) देशको जलविद्युत विकासको लागि सरकारी, गैर सरकारी, बुद्धिजीवी तथा यस संग सम्बन्धित फर्म कम्पनी आदि संग सहकार्य गर्दै बिभिन्न सेमिनार गोष्ठीहरु संचालन गरि देशको जलविद्युत बिकासका लागि सहयोग गर्नेछ ।

(च) विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धमा अनुसन्धान गरि नयाँ आयोजनाहरुको तयारी तथा कार्यान्वयन गर्ने ।

(६) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको

(७) **देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागू हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** जलश्रोतबाट जलविद्युत उत्पादन गर्ने ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** कम्पनीले एकल रुपमा तथा आफ्नो कार्यक्षेत्र सुहाउँदो देश भित्र तथा बाहिरका बिभिन्न कम्पनीहरुसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायीक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुमा लगानी गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी उद्यमीको रुपमा आफुलाई स्थापित गर्ने क्रममा रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ र कम्पनीको प्रमुख बजार नेपाल भित्र रहेको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :** निर्माण गरिने घलेम्दी खोला जलविद्युत आयोजनाको उत्पादन क्षमता ५ मेगावाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिनेछ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** म्याग्दी जिल्लाको अन्नपुर्ण गाउँपालिका वडा नं. ४ नारच्याङ्ग स्थित घलेम्दी खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :** जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको ।

(१०) **अनुसन्धान तथा विकास :** नयाँ आयोजनाहरुको अध्ययन विश्लेषण एवं विकास कार्य हाल नभएको ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** घलेम्दी खोला जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ५ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरिएको छ । साथै विद्युतको हाहाकार भई ठूलो परिमाणमा उर्जाको माग भैरहेको हुँदा बर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण सँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएको हुंदा कम्पनीको प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण):** कम्पनी परियोजनाको लागि आवश्यक पर्ने Electromechanical उपकरणहरु आयात गर्नका निमित्त भारतमा स्थापना भएको भारतीय कम्पनी Flovel Energy Pvt Ltd. संग सम्झौता गरिएको छ ।

**ख. सम्पत्तिको विवरण :**

(१) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** कम्पनीको स्वामित्वमा रहेको घलेम्दी खोला जलविद्युत आयोजनाको उत्पादन तथा प्रशारण उपकरणहरु एवं सिभिल तथा अन्य संरचनाहरु म्याग्दी जिल्लाको अन्नपुर्ण गाउँपालिका वडा नं. ४ नारच्याङ मा रहेका छन् । हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पतिको विवरण देहाय बमोजिम रहेको छ :

| **सम्पत्ति तथा जायजेथा (आ.व.२०७४।०७५ चैत मसान्त)** | **रकम (रु.हजारमा)** |
|---|---|
| **स्थिर सम्पत्ति** | ११,९८०.१० |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी (ह्रास कट्टी पश्चात) | ५९९,६६५.८७ |
| निर्माणाधिन परियोजना | |
| लगानी | |
| **चालु सम्पत्ति कर्जा तथा सापटी** | १६३,२६२.१९ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ६,९७७.६२ |
| नगद तथा बैंक मौज्दात | |
| **जम्मा** | ७८१,८८५.७८ |

**उपकरण तथा अन्य सम्पत्तीको विवरण रहेको स्थान पछिल्लो अवस्था तथा रकम**

| सि.न. | विवरण | पछिल्लो अवस्था | रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गा | १६ रोपनी खरिद भईसकेको | २०८०।४० | |
| २ | मुख्य मेसिन ट्रासफर्मर तथा अन्य उपकरणहरु | आयात भई परियोजना स्थलमा पुगिसकेको र जडान हुन बांकी | १४१,९९३।१५ | |
| ३ | सिभिल संरचना | ९०% काम सम्पन्न भैसकेको | ४८१,३३६।७० | भुक्तानी भैसकेको |
| ४ | मेटल संरचना(हेडरेस पाईप,गेटस् तथा पेनस्टक पाईप) | ९०% काम सम्पन्न भैसकेको ८०% काम सम्पन्न भैसकेको | अमेरिकन डलर ६,६५१।८८ | भुक्तानी भैसकेको |
| ५ | प्रसारण लाईन | | १३,०२९।५९ | |

(२) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागि कम्पनीले तपसिल बमोजिम जग्गा भोगाधिकार प्राप्त गरि लिएको छ :

**तपसिल**

यस आयोजनाले म्याग्दी जिल्लाको साबिक नारच्याङ्ग गा. वि. स ( हाल अन्नपुर्ण गाऊँपालिका वडा नं. ४ नारच्याङ्ग ) मा पर्ने अन्नपुर्ण संरक्षण क्षेत्र अर्न्तगतको ३८-०८-०१-०२ ( अक्षरमा अठतिस रोपनी आठ आना एक पैसा दुई दाम ) क्षेत्रफल रहेको जग्गा नेपाल सरकारका मन्त्रीपरिषदको मिति २०७१/११/१४ को निर्णयबाट ३४ वर्षका लागि भोगाधिकार प्राप्त गरेको छ सो वापतको जग्गा सट्टाभर्ना समेत गरिसकेको छ ।

(३) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति आयोजाना संचालन तथा निर्माणको लागि लिएको सहवित्तीयकरण कर्जाको लागि लिड बैंक श्री लुम्बिनी विकास बैंक लि. र सहभागी बैंक श्री टुरिजम विकास बैंक लि. को नाममा धितो रहेकोछ ।

(४) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** कम्पनीको सम्पूर्ण सम्पत्तिको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन गरिएको छैन ।

(५) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** लागु नहुने ।

## ग. भावी योजना तथा रणनीति :

**(१) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**

(अ) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ ।

(आ) घलेम्दी खोला जलविद्युत आयोजनाको भौतिक संरचनाहरुको निर्माण कार्य गतिशिल रुपमा अघि बढिरहेको छ। पावरहाउस, डिसेण्डर, पेनस्टक पाइप तथा सुरुङ्गका सम्पूर्ण कार्यहरु भइरहेका छन् । साथै नेपाल विद्युत प्राधिकरणको म्याग्दी दाना स्थित सवस्टेशन (पावर हाउसबाट करिव ५.४ किलोमिटर) हाल निर्माणाधीन अवस्थामा रहेकोले तत्काललाई सुचारु अवस्थामा रहेको अन्नपुर्ण गाउँपालिका घराप सवस्टेसन (पावर हाउसबाट करिव ३.५ कि.मि. मात्र) सम्म २३ वटा टावर खडा गरी ३३ के.भी. प्रसारण लाइन जडान कार्य सम्पन्न भैसकेको छ। साथै दाना स्थित बन्दै गरेको ने. वि. प्रा. को सवस्टेसन सम्मको जडानको निम्ती आवश्यक पर्ने १६ वटा थप टावरको निर्माण क्रमिक रुपमा अघि बढीसकेको छ।

(इ) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाव्य देखिएका अन्य जलविद्युत आयोजनाहरु एवं अन्य क्षेत्रहरुमा समेत लगानी गर्नेछ ।

**(२) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**

देशमा माग बमोजिम विद्युत आपूर्तिको कमि रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु आगवै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योग संग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफलहुनेछ। नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा विद्युतको माग र पूर्ति बीच ठुलो अन्तर रहेकोछ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके भारत लगायत छिमेकी मुलुकहरुमा समेत निर्यात गर्न सकिन्छ। त्यसैले हालको अवस्थामा यस ब्यबसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुन सक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो ब्यबसायको निरन्तरताका लागि अगाडी बढाएका जलविद्युत आयोजनाहरुको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य बस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन ।

## घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ११ (एघार) जना सञ्चालक सदस्यहरु रहेको सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| समूह “क” अन्तर्गतका शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ६ जना |
| समूह “ख” अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | ३ जना |
| व्यवसायिक विशेषज्ञ/स्वतन्त्र सञ्चालकहरु | २ जना |
| **जम्मा** | **११ जना** |

**सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ।**

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुंदैन । तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने तथा व्यवसायिक/स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

४. **पुँजी संरचना सम्बन्धी जानकारी**

**(क) अधिकृत, जारी तथा चुक्ता पुंजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :**

**अधिकृत पुंजी :** कम्पनीको अधिकृत पूँजी रु.६०,००,००,०००/–(अक्षरुपी साठ्ठी करोड रुपैंया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले ६,००,००,०० (साठी लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुंजी :** कम्पनीको जारी पूँजी रु.५५,००,००,०००/–(अक्षरुपी पचपन्न करोड रुपैंया) रहेकोछ । उक्त पूँजीलाई रु.१००/–का दरले ५५,००,००० ( पचपन्न लाख) थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुंजी :** कम्पनीले आफ्नो जारी पूँजी मध्ये ३८,५०,००० थान शेयर बापतको प्रति शेयर रु.१००/–का दरले जम्मा रकम रु.३८,५०,००,०००/–(अक्षरेपी अठतीस करोड पचास लाख रुपैंया) कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी १६,५०,००० थान शेयर सार्वजनिक निष्काशनद्वारा सर्वसाधारणलाई जारी गर्नेछ । उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि यस विवरणपत्र मार्फत रु.५,५०,००,०००/–(अक्षरेपी पांच करोड पचास लाख रुपैया) बराबरको शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.४४,००,००,०००/–(अक्षरेपी चौवालिस करोड रुपैंया मात्र) हुनेछ र सर्वसाधारणको लागि छुट्याइएको रु.११,००,००,०००/–(अक्षरुपी एघार करोड रुपैंया मात्र) बराबरको पूरै शेयर निष्काशन भएपछि कम्पनीको चुक्त पूँजी रु.५५,००,००,०००/–(अक्षरेपी पचपन्न करोड रुपैंया) हुनेछ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुंजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।**

| क्र.सं. | विवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| १. | अधिकृत पूँजी | २५,००,००,०००/- | ५०,००,००,०००/- | ६०,००,००,०००/- | ६०,००,००,०००/- |
| २. | जारी पूँजी | २०,००,००,०००/- | ४०,००,००,०००/- | ५५,००,००,०००/- | ५५,००,००,०००/- |
| ३. | चुक्ता पूँजी | **८,५६,८४,८००**/- | **२०,१८,४६,३००**/- | **३८,५०,००,०००**/- | **३८,५०,००,०००**/- |

**(ख) निष्कासन पछिको चुक्ता पुंजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूजीको संरचना देहाय बमोजिम रहेकोछ :

| शेयरधनीहरु | समुह | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम(रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनी | क | ३८,५०,००० | ७०% | ३८,५०,००,०००/– | शतप्रतिशत |
| आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरु | ख | ५,५०,००० | १०% | ५५०,००,०००/– | शतप्रतिशत |
| सर्वसाधारण शेयरवाला(कर्मचारीहरु समेत) | ख | ११,००,००० | २०% | ११,००,००,०००/– | शतप्रतिशत |
| **जम्मा** | | **५५,००,०००** | १००% | **५५,००,००,०००/–** | |

**नोट : स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।**

**(ग) शेयर प्रिमियम खाता (निष्कासन पूर्व र निष्कासन पश्चात्) :** शेयरमा प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**क) संस्थापक/संचालकको पृष्ठभूमी :**

**(१) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| क्र. सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शेयर स्वामित्वको प्रतिशत | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नारायण बावु अधिकारी | संचालक | ४७ | नेपाली | वडा नं.८, मिरकोट, गोरखा | १,००,००० | १.८२ | स्नातक | प्रोप्राईटर : एन वि अधिकारी एण्ड एसोसियट<br>विभिन्न उद्योग, व्यापार क्षेत्रमा फाईनान्सीयल परमर्शदाता को रुपमा १० बर्ष भन्दा बढीको अनुभव |
| २ | सिमाट पावर डेभलपमेन्ट कम्पनी (प्रतिनिधि शरदराज श्रेष्ठ) | संचालक | ५२ | नेपाली | ताहाचाल-१३, काठमाडौं | १,००,००० | १.८२ | स्नात्तकोत्तर | वातावणीय मुल्यांकन लगायत सडक, राजमार्ग, जलविद्युत जस्ता पूर्वाधारहरुको डिजाइन र सुपरभिजनमा २८ वर्षको अनुभव |
| ३ | किशोर सुवेदी | कार्यकारी अध्यक्ष | ३९ | नेपाली | वडा नं. ५ भगवती म्याग्दी | ९,२१,३१० | १.६८ | स्नात्तकोत्तर | अध्यक्ष : नर्थ समिट हाईड्रो प्रा. ली.<br>अध्यक्ष : अप्पर सेती हाईड्रो प्रा. ली<br>विभिन्न उद्योग, व्यापार तथा सामाजिक क्षेत्रमा १५ बर्ष भन्दा बढीको अनुभव |

**संचालकहरुको विवरण :**

| क्र. सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शेयर स्वामित्वको प्रतिशत | शैक्षिक योग्यता | अनुभव | व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | किशोर सुवेदी | अध्यक्ष | ३९ | नेपाली | वडा नं.५, भगवती, म्याग्दी | ९२३१० | १.६८ | स्नातकोत्तर | विभिन्न उद्योग, व्यापार तथा सामाजिक क्षेत्रमा १५ बर्ष भन्दा बढीको अनुभव | अध्यक्ष : नर्थ समिट हाईड्रो प्रा. ली.<br>संचालक : अप्पर सेती हाईड्रो प्रा. ली |
| २ | नारायण वावु अधिकारी | सञ्चालक | ४७ | नेपाली | मिरकोट , गोरखा | १,००,००० | १.८२ | स्नातक | विभिन्न उद्योग, व्यापार क्षेत्रमा फाईनान्सीयल परमर्शदाता को रुपमा १० बर्ष भन्दा बढीको अनुभव | प्रोपाईटर : एन वि अधिकारी एण्ड एसोसियटस |
| ३ | प्रमोद श्रेष्ठ | सञ्चालक | ४५ | नेपाली | वडा नं.१, अर्थुङ्गे, | ५०,००० | ०.९१ | आई ए | विभिन्न उद्योग, व्यापार एवं सामाजिक तथा राजनीतिक क्षेत्रमा २० बर्ष भन्दा बढीको अनुभव | कार्यकारी अध्यक्ष : म्याग्दी कालि संचार सहकारी लि.<br>सदस्य : बेनी हस्पीटल तथा रिसर्च सेन्टर<br>प्रोपाईटर : प्रमोद कन्स्ट्रक्सन सेवा |
| ४ | सिमाट पावर डेभलपमेन्ट कं. प्रा. ली. (प्रतिनिधि शरदराज श्रेष्ठ) | सञ्चालक | ५२ | नेपाली | ताहाचल-१३, काठमाडौं म्याग्दी | १,००,००० | १.८२ | स्नातकोत्तर | वातावणीय मुल्यांकन लगायत सडक, राजमार्ग, जलविद्युत जस्ता पूर्वाधारहरुको डिजाइन र सुपरभिजनमा २८ वर्षको अनुभव | प्राविधिक परामर्श सेवा |

| क्र.सं | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शेयर स्वामित्वको प्रतिशत | शैक्षिक योग्यता | अनुभव | व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | टंक प्रसाद बरुवाल | सञ्चालक | ४९ | नेपाली | वडा नं.७, शिख, म्याग्दी | २५,००० | ०.४५ | आई ए | विभिन्न उद्योग, व्यापार तथा सामाजिक क्षेत्रमा १५ बर्ष भन्दा बढीको अनुभव | |
| ६ | उत्तम प्रसाद बैद्य | सञ्चालक | ५६ | नेपाली | वडा नं.८, भक्तपुर, भक्तपुर | ५६,००० | १.०२ | स्नातक | विभिन्न उद्योग, व्यापार पर्यटन व्यवसाय तथा सामाजिक क्षेत्रमा २० बर्ष भन्दा बढीको अनुभव | प्रोपाईटर : भक्तपुर सिल्भर ज्वोलरी सेन्टर सदस्यः भक्तपुर पर्यटन विकास समिति |

**(२) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| क्र.सं | संस्थापक कम्पनीको नाम, ठेगाना | संचालकहरुको नाम, ठेगाना | संक्षिप्त विवरण |
|---|---|---|---|
| १ | सिमाट पावर डेभलपमेन्ट कम्पनी प्रा लि | श्री सोहन सुन्दर श्रेष्ठ : अध्यक्ष<br>श्री सरद राज श्रेष्ठ : सञ्चालक<br>श्री बाल सुन्दर मल्ल : सञ्चालक<br>श्री किष्ण प्रसाद श्रेष्ठ : सञ्चालक<br>श्री नागेन्द्र झा : सञ्चालक | प्राविधिक परामर्शदाताको रुपमा ४० बर्ष भन्दा बढीको अनुभव |
| २ | डाईमण्ड ईन्भेष्टमेन्ट एण्ड मल्टीपल कम्पनी प्रा ली सुविधा नगर ३५ काठमाण्डौ | श्री श्याम बहादुर गुरुङ्ग : अध्यक्ष<br>श्री गोपी राई : संचालक<br>श्री पुर्ण बहादुर सुनवार : संचालक<br>श्री लेखनाथ डोटेल : संचालक<br>श्री टिकाराम शर्मा ज्ञवाली : संचालक<br>श्री सुशिल चन्द्र पराजुली : संचालक<br>श्री हरिमाया थापा रोका : संचालक | हाईड्रो पावर एंव विभिन्न क्षेत्रहरुमा लगानी गर्ने |

संगठित संस्थाको सञ्चालकहरू अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसंग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :

**कम्पनीका सञ्चालकहरू आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरु :**

| क्र.सं | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम |
|---|---|---|
| १ | किशोर सुवेदी, वडा नं.५, भगवती, म्याग्दी | अध्यक्ष : नर्थ समिट हाईड्रो प्रा. ली.<br>संचालक : अपर सेती हाईड्रो प्रा. ली |
| २ | नारायण वाबु अधिकारी, मिरकोट, वडा नं.८, गोरखा | प्रोप्राईटर : एन वि अधिकारी एण्ड एसोसियटस्.<br>साझेदारः नागर्जुन ट्रेड लिङ्क |
| ३ | प्रमोद श्रेष्ठ, वडा नं.१, अर्थुङ्गे, म्याग्दी | कार्यकारी अध्यक्ष : म्याग्दी काली संचार सहकारी लि.<br>सदस्य : बेनी हस्पीटल तथा रिसर्च सेन्टर<br>प्रोपाईटर : प्रमोद कन्स्ट्रक्सन सेवा |
| ४ | उत्तम प्रसाद बैद्य, वडा नं.८, भक्तपुर, | प्रोपाईटर : भक्तपुर सिल्भर ज्वेलरी सेन्टर<br>सदस्यः भक्तपुर पर्यटन विकास समिति<br>अध्यक्ष : भक्तपुर उद्यमी बचत तथा ऋण सहकारी सस्था लि |

**(३) कम्पनी ऐन २०६३ को दफा ८९ को उपदफा (१), छ बमोजिम कम्पनीका संचालक त्यस्तै खालको अन्य कम्पनीको संचालक भए/नभएको :**

यस्तै खालको अन्य कम्पनीको संचालक नभएको र कम्पनी ऐन २०६३ को दफा ८९ को उपदफा (१), छ पुर्ण रुपले पालना भएको ।

**(४) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) सम्बन्धीत निकायको पूर्व स्वीकृति नलिई यस कम्पनीको शेयर कसैलाई पनि बिक्री वा हस्तान्तरण गरिने छैन ।

ख) सम्बन्धीत निकायको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

ग) यस कम्पनीले कारोबार संचालन गरेको ३ वर्ष नपुगेसम्म संस्थापकहरुले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा सम्बन्धीत निकायको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम यस कम्पनीले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि यस कम्पनीको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको श्रृजना हुन गएमा सम्बन्धीत निकायको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरुलाई दिनु पर्नेछ । समूहभित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका र अन्य समूहका कुनै पनि संस्थापक शेयरधनीले पनि शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम सम्बन्धीत निकायको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

घ) कुनै शेयरधनीको मृत्यु भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

ङ) सर्वसाधारणले शेयर खरिद गर्दा एक जना आवेदकले न्यूनतम ५० कित्ता र सो भन्दा बढीको लागि १० अंकले भाग गर्दा शेष नरहने गरी बढीमा २७५० कित्ता सम्म शेयर खरिद गर्न सकिनेछ ।

तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

च) यस कम्पनीका संचालक, कार्यकारी प्रमुख, लेखापरिक्षक, सचिव वा लिमिटेडको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म यस कम्पनीले वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुदैंन ।

छ) कसैले खण्ड (ङ) को विपरित काम गरेमा त्यस्तो शेयर लिमिटेडले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहर्‍याएको किसिमबाट बिक्री वितरण गर्न सक्नेछ ।

ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था : कम्पनी ऐन र धितोपत्र कारोबार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

झ) “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” को नियम (१०) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

**ख) संस्थापक/संचालक सँगको कारोबार :**

**१) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा संचालक समितीको निर्णय अनुसार हुनेछ ।

| नाम | तलब | बैठक भत्ता | दैनिक भत्ता | अन्य भत्ता |
|---|---|---|---|---|
| किशोर सुवेदी | १५,९२,००६ | ५,००० | छैन | छैन |
| नारायण  वावु अधिकारी | १४,१८,६६४ | ५,००० | छैन | छैन |

**२) माथि खण्ड (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : सो का निम्ती कम्पनीको प्रबन्धपत्र तथा नियमवली र कर्मचारी बिनियमावलीमा भएको व्यवस्था अनुसार गरिएको छ ।**

**६. सीमित दायित्व सम्बन्धी विवरण :**

यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

७. **संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**क)संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**१) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | नाम | योग्यता | अनुभव | तह | नियुक्ति भएको मिति |
|---|---|---|---|---|---|
| १ | श्री बिश्व विजय श्रेष्ठ | स्नाकोत्तर हाईड्रोपावर ईन्जिनियरिङ्ग नव | जलविद्युत आयोजनाहरु सार्दी खोला, लिखु एवं घलेम्दी खोला गरी डिजाईन ईन्जिनियरको रुपमा करिब १० बर्षको कार्य अनुभव | आयोजना प्रमुख | २०७२/०२/१८ |
| २ | श्री अनिल पौडेल | एम.वि .एस. | थापा खोला, मर्स्याङ्दी, घलेम्दी लगायतका जलविद्युत आयोजना गरी ७ वर्षको अनुभव | फाईनान्स अफिसर | २०७१/१२/११ |
| ३ | श्री लक्ष्मी निधि रिजाल | स्नातक | म्याग्दी काली विल्डर्स एवं घलेम्दी जलविद्युत आयोजनामा करिब ६ वर्षको अनुभव | कम्पनि सचिव | २०६९/१०/१२ |

संगठित संस्थाको शेयर माथि उल्लेखित उच्च ब्यबस्थापकीय तहका कर्मचारीहरुले नलिएको ।

अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी भए संगठित संस्थाको नाम र लगानी गरेको रकम :माथि उल्लेखित उच्च ब्यबस्थापकीय तहका कर्मचारीहरुको नभएको ।

**२) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको

**३) कर्मचारी संख्या : स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।**

| क्र.सं. | स्थायी | अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|
| १ | - | १३ जना | – | – | – | १३ जना |

**ख.संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**१) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

अ. संचालक समितिको बैठकमा उपस्थित भए बापत संञ्चालकले पाउने प्रति बैठक भत्ता रु.५,०००/– हुनेछ ।

आ.कम्पनीको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

– स्वदेशमा दैनिक भत्ता : नभएको ।

– भारतमा दैनिक भत्ता : नभएको ।

– भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता : नभएको ।

– यातायात तथा होटल खर्च विल वमोजिम हुनेछ ।

इ. अन्य सुविधा कम्पनी नियमावली बमोजिम हुनेछ ।

उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै भत्ता तथा सुविधा सञ्चालकहरुलाई भुक्तानी गर्ने ब्यवस्था नभएको ।

**२)संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र.सं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम | अवधि |
|---|---|---|---|---|
| १ | श्री किशोर सुवेदी | कार्यकारी अध्यक्ष | रु.१५,९२,००६/– | आ.ब०७३/०७४ |
| २ | श्री नारायण वावु अधिकारी | कार्यकारी संचालक | रु.१४,१८६६४/– | आ.ब.०७३/०७४ |
| ३ | श्री बिश्व विजय श्रेष्ठ | आयोजना प्रमुख | रु.१६,९०,०००/– | आ.ब.०७३/०७४ |

यस सम्बन्धी व्यवस्था नियमावलीको दफा ३६ मा गरिएको छ । कार्यकारी अध्यक्ष एवं कार्यकारी संचालकको पारिश्रमिक सम्बन्धी निर्णय बार्षिक साधारणसभाले गरेको छ ।

| पद | नियमाबलीमा भएको व्यवस्था | कार्य जिम्मेवारी |
|---|---|---|
| कार्यकारी अध्यक्ष | कार्यकारी अध्यक्ष/ कार्यकारी संचालको नियुक्ति ऐन, सम्बन्धीत निकायको निर्देशन तथा प्रचलित ऐन कानुनका अधिनमा रही संचालक समितिले गरे बमोजिम गरिएको छ । | संस्थाको आधिकारिक प्रतिनिधित्व गरी नियमन निकाय,नेपाल सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय गर्ने,<br>कम्पनीको हितलाई ध्यानमा राखी निति निर्माण तथा भावी योजना बनाउने । |
| कार्यकारी संचालक | नियमावलीको नियम ३५ अनुसार | संचालक समितिले निर्देशन गरे अनुसार कम्पनीको दैनिक कार्य गर्ने गराउने । |

**ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :**
हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**८. अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :**
– सञ्चालन एवं नियमित भुक्तानीमा असर पर्न सक्ने जोखिम रहेको ।
– नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम :** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

**(ग) उत्पादन वा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :** जोखिम नरहेको । यस परियोजनाबाट उत्पादित विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले । नेपाल विद्युत प्राधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम :** २०७२ सालको महाभुकम्प, सिमा अवरोध, इन्धन अभाव तथा भुगर्भिय स्थिति (Geological Condition) का कारणले विद्यमान मूल्यमा अभिबृद्धि भएको र समय बढेको हुँदा प्रारम्भिक अनुमानित लागतमा १२ करोड बृद्धि भएको । मूल्यमा अभिबृद्धि हुन सक्ने र समय बढ्न जाने जोखिम रहेको र समय वढ्न जाने जोखिम हुन सक्ने तथ्यपरक कारक तत्वहरु
१.प्राकृतिक प्रकोपका कारणले उत्पन्न हुनसक्ने जोखिमहरु जस्तैः बाढीपैहिरो,भुकम्प,अनावृष्टी,अतिवृष्टी आदी ।
२.सरकारले आर्थिक निति तथा निर्देशिकामा परिवर्तन गरेमा ।
३.स्थानिय तहबाट वा श्रमिकहरुको संघ संगठनले अबरोध गरेमा ।

**(ङ) विदेशी विनिमयको जोखिम :** बिदेशी विनिमय दरमा परिवर्तन भएमा निर्माण खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :** अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको ।

**(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम :**
– नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।
– कर, भन्सार आदि सम्बन्धी ब्यबस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

**(झ) संचालन अनुभवको अभाव :** जल बिद्युत उत्पादन तथा संचालनको अनुभव भएका व्यक्तिहरु समेत संचालक समितिमा रहनु भएकोले सञ्चालन अनुभवको अभाव नरहेको ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम** : जलविद्युत आयोजना निर्माणको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेज आउट भएमा ।

**(ट) अन्य :**
– दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
– देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
– पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**(ठ) सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ ।

जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा ब्यबस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यबस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको छ । कम्पनीको जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन औजार तथा उपकरणको जोखिमलाई न्यूनीकरण गर्न निम्न बमोजिम बीमा गरिएको छ ।

| **क्र. स.** | **बिमा रकम रु.** | **बिमा कम्पनीको नाम** | **बिमा अवधि** |
|---|---|---|---|
| १. सिभिल कार्य (इन्टेक, सेटिलङ्ग बेसिन एण्ड फरवे, पेनस्टक सिभिल वक, पावर हाउस, टेलरेस, स्वीचवार्ड सिभिल वर्क) | १७,७३,३९,६५६/- | लुम्बिनि जनरल ईन्स्योरेन्स कम्पनी लि. | २७/०८/२०१७ देखि २६/०८/२०१८ |
| २. सुरुङ्ग कार्य | १९,१०,००,०००/- | लुम्बिनि जनरल ईन्स्योरेन्स कम्पनी लि. | २७/०८/२०१७ देखि २६/०८/२०१८ |
| ३. एर्पोच रोड र स्टाफ क्वाटर | १,०१,६०,३४४/- | लुम्बिनि जनरल ईन्स्योरेन्स कम्पनी लि. | २७/०८/२०१७ देखि २६/०८/२०१८ |
| **जम्मा** | **३७,८५,००,०००/-** | | |

**<u>धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :</u>**

रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ९. वित्तीय विवरण

### क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण:

**(१) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा(नोक्सान हिसाब, नाफा(नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.ब.२०७३/०७४ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (२०७४ आषाढ मसान्त)**

| **विवरण** | **रकम (रु. हजारमा)** |
|---|---|
| **पुंजी :-** | |
| शेयर पुंजी | ३८५,०००।०० |
| संचिती जगेडा तथा कोष | ० |
| **अल्प तथा दिर्घकालिन ऋणहरु** | |
| अल्पकालिन ऋण-सुरक्षित | १३,९७७।५० |
| दिर्घकालिन ऋण-सुरक्षित | २०६,०११।०२ |
| **जम्मा पूँजी** | **६०४,९८८।५२** |
| सम्पत्ति :- | |
| **स्थिर सम्पत्ति** | |
| परल मुल्य | २३,१८३।७१ |
| न्युन : ह्रास कट्टि | ९,५८५।७१ |
| **जम्मा स्थिर सम्पत्ति** | १३,५९८।०० |
| पुंजीगत खर्च-निर्माणधिन परियोजना | २८८,५६४।३७ |
| आयोजना विकास खर्च | ५३,६७८।३४ |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | ८५२।०३ |
| पेश्की धरौटी तथा प्राप्त हुँन बाँकी | १८९,०५०।२६ |
| **कुल चालु सम्पत्ति** | **१८९,९०२।२९** |
| **न्युन : चालु दायित्व तथा व्यवस्था** | |
| व्यवसाय तथा अन्य दायित्व | १६,९७१।६५ |
| व्यवस्था | ९०१।७३ |
| **कुल चालु दायित्व** | **१७,८७३।३८** |
| **जम्मा चालु सम्पत्ति** | **१७२,०२८।९१** |
| स्थगन आयकर सम्पत्ति | ० |
| पुर्व संचालन खर्च | ७७,११८।९० |
| **जम्मा सम्पत्ति** | **६०४,९८८।५२** |

**नाफा-नोक्सान हिसाब (२०७४ आषाढ मसान्त )**

| **विवरण** | **आ.व. ०७३/७४–रकम (रु. हजारमा)** |
|---|---|
| **कुल आम्दानी :** | |
| **बिद्युत बिक्री आम्दानी** | |
| बिद्युत बिक्री -४ मेगा वाट | - |
| थप बिद्युत बिक्री - १मेगा वा(५०%मुल्यमा) | - |
| **जम्मा आम्दानी** | - |
| **न्यून:** | |
| **संचालन खर्च** | |
| व्यापारिक उत्पादन ढिलाई गरे बापत दस्तुर | - |
| प्रशासनिक खर्च | - |
| बिमा खर्च | - |
| एजेन्सी दस्तुर बैक | - |
| सरकारलाई भुक्तान गरेको रोयल्टी | - |
| ह्रास खर्च | - |
| प्रारम्भिक खर्च अपलेखन | - |
| ब्याज खर्च | - |
| **कूल खर्च** | - |
| **कर र बोनस अघिको नाफा/(नोक्सानी)** | - |
| **न्यून:** | |
| कर्मचारी बोनसको ब्यबस्था | - |
| **कर अघिको नाफा /(नोक्सानी)** | - |
| चालू आयकर | - |
| **खुद नाफा/(नोक्सानी)** | - |
| अघिल्लो बर्ष सम्मको नाफा/(नोक्सानी) | - |
| **बाँडफाँडका लागि उपलब्ध नाफा** | - |
| प्रस्तावित लाभांश | - |
| **वासलातमा सारिएको** | - |

**परियोजना संचालनमा नआएकोले आम्दानी नभएको र खर्चलाई पुंजीकृत गरिएकोले नाफा नोक्सान हिसाब खालि रहन गएको छ ।**

(२) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण :

## वासलात

| विवरण | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ |
| **पुँजी :-** | | | |
| शेयर पुँजी | २१४,४१६।८२ | ३०४,१९१।८२ | ३८५,०००।०० |
| संचिती जगेडा तथा कोष | - | - | - |
| **अल्प तथा दिर्घकालिन ऋणहरु** | | | |
| अल्पकालिन ऋण-सुरक्षित | - | १५,०००।०० | १३,९७७।५० |
| दिर्घकालिन ऋण-सुरक्षित | - | | २०६,०११।०२ |
| **जम्मा पूँजी** | **२१४,४१६।८२** | **३१९,१९१।८२** | **६०४,९८८।५२** |
| **सम्पत्ति :-** | | | |
| **स्थिर सम्पत्ति** | | | |
| परल मुल्य | २२,०२०।३० | २१,१०३।३१ | २३,१८३।७१ |
| न्युन : ह्रास कट्टि | ३,९०४।२४ | ७,१३२।२३ | ९,५८५।७१ |
| **जम्मा स्थिर सम्पत्ति** | **१८,११६।०६** | **१३,९७१।०८** | **१३,५९८।००** |
| पुँजीगत खर्च-निर्माणधिन परियोजना | ५३,७४९।८१ | ५७,३३३।४२ | २८८,५६४।३७ |
| आयोजना विकास खर्च | ३१,७०५।७४ | ३६,८४४।४७ | ५३,६७८।३४ |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १८,१४१।४६ | ४,०२१।९५ | ८५२।०३ |
| पेश्की धरौटी तथा प्राप्त हुँन बाँकी | ४९,६५०।७४ | १४९,५७०।७१ | १८९,०५०।२६ |
| **कुल चालु सम्पत्ति** | **६७,७९२।२०** | **१५३,५९२।६६** | **१८९,९०२।२९** |
| **न्युन : चालु दायित्व तथा व्यवस्था** | | | |
| व्यवसाय तथा अन्य दायित्व | १,९९२।३२ | २,५२२।९९ | १६,९७१।६५ |
| व्यवस्था | ९०१।७३ | ९०१।७३ | ९०१।७३ |
| **कुल चालु दायित्व** | **२,८९४।०५** | **३,४२४।७२** | **१७,८७३।३८** |
| **जम्मा चालु सम्पत्ति** | **६४,८९८।१५** | **१५०,१६७।९४** | **१७२,०२८।९१** |
| स्थगन आयकर सम्पत्ति | १९८।१९ | २४४।८५ | - |
| पुर्व संचालन खर्च | ४५,७४८।८७ | ६०,६३०।०६ | ७७,११८।९० |
| **जम्मा सम्पत्ति** | **२१४,४१६।८२** | **३१९,१९१।८२** | **६०४,९८८।५२** |

## नाफा नोक्सान हिसाब

| विवरण | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ |
| **कुल आम्दानी :** | | | |
| **बिद्युत बिक्री आम्दानी** | | | |
| बिद्युत बिक्री -४ मेगा वाट | - | - | - |
| थप बिद्युत बिक्री-१मेगा वाट (५०%मुल्यमा) | - | - | - |
| **जम्मा आम्दानी** | - | - | - |
| **न्यून:** | | | |
| **संचालन खर्च** | | | |
| व्यापारिक उत्पादन ढिलाई गरे बापत दस्तुर | - | - | - |
| प्रशासनिक खर्च | - | - | - |
| बिमा खर्च | - | - | - |
| एजेन्सी दस्तुर बैक | - | - | - |
| सरकारलाई भुक्तान गरेको रोयल्टी | - | - | - |
| ह्रास खर्च | - | - | - |
| प्रारम्भिक खर्च अपलेखन | - | - | - |
| ब्याज खर्च | - | - | - |
| **कूल खर्च** | - | - | - |
| **कर र बोनस अघिको नाफा /(नोक्सानी)** | - | - | - |
| **न्यून:** | - | - | - |
| कर्मचारी बोनसको ब्यबस्था | - | - | - |
| **कर अघिको नाफा /(नोक्सानी)** | - | - | - |
| चालू आयकर | - | - | - |
| **खुद नाफा/(नोक्सानी)** | - | - | - |
| अघिल्लो बर्ष सम्मको नाफा/(नोक्सानी) | - | - | - |
| **बाँडफाँडका लागि उपलब्ध नाफा** | - | - | - |
| प्रस्तावित लाभांश | - | - | - |
| **वासलातमा सारिएको** | | | |

**परियोजना संचालनमा नआएकोले आम्दानी नभएको र खर्चलाई पुंजीकृत गरिएकोले नाफा नोक्सान हिसाब खालि रहन गएको छ।**

(३) **आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागी पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण :** चालु आ.व. २०७४/०७५ को पछिल्लो त्रैमासको लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तिय विवरण देहाय बमोजिम रहेको छ ।

**२०७४ चैत्र मसान्त सम्मको अपरिष्कृत वासलात**

| विवरण | आ.व. ०७४/७५–रकम (रु. हजारमा) |
|---|---|
| | |
| **पुँजी :-** | |
| शेयर पुँजी | ३८५,०००।०० |
| संचिती जगेडा तथा कोष | - |
| **अल्प तथा दिर्घकालिन ऋणहरु** | |
| अल्पकालिन ऋण- असुरक्षित | ३०,४३१।५० |
| दिर्घकालिन ऋण-सुरक्षित | ४३४,७७३।६७ |
| **जम्मा पूँजी** | **८५०,२०५।१७** |
| **सम्पत्ति :-** | |
| **स्थिर सम्पत्ति** | |
| परल मुल्य | २३,७०३।८५ |
| न्युन : ह्रास कट्टि | ११,७२३।७५ |
| **जम्मा स्थिर सम्पत्ति** | **११,९८०।१०** |
| पुँजीगत खर्च-निर्माणधिन परियोजना | ५०८,६२८।४३ |
| आयोजना विकास खर्च | ९१,०३७।४५ |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | ६,९७७।६२ |
| पेश्की धरौटी तथा प्राप्त हुँन बाँकी | १६३,२६२।१९ |
| **कुल चालु सम्पत्ति** | **१७०,२३९।८१** |
| **न्युन : चालु दायित्व तथा व्यवस्था** | |
| व्यवसाय तथा अन्य दायित्व | २५,४९५।८३ |
| व्यवस्था | ९०१।७३ |
| **कुल चालु दायित्व** | **२६,३९७।५६** |
| **जम्मा चालु सम्पत्ति** | **१४३,८४२।२५** |
| पुर्व संचालन खर्च | ९४,७१६।९४ |
| **जम्मा सम्पत्ति** | **८५०,२०५।१७** |

(४) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** - सो नभएको ।

(५) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफानोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा:**
- सो नभएको ।

(६) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :**
- सो नभएको ।

(७) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य :** सो नभएको ।

(८) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | **आ.ब.०७४/०७५** | **आ.ब.०७५/०७६** | **आ.ब.०७६/०७७** |
| **पुँजी :-** | | | |
| शेयर पुँजी | ५५०,०००।०० | ५५०,०००।०० | ५५०,०००।०० |
| संचिती जगेडा तथा कोष | - | ३०,०७१।०० | १४,६४७।०० |
| **अल्प तथा दिर्घकालिन ऋणहरु** | | | |
| अल्पकालिन ऋण-सुरक्षित | ३९०,०००।०० | ३७३,३०३।०० | ३५४,६९२।०० |
| दिर्घकालिन ऋण-सुरक्षित | | | |
| **जम्मा पूँजी** | **९४०,०००।००** | **९५३,३७४।००** | **९१९,३३९।००** |
| **सम्पत्ति :-** | | | |
| **स्थिर सम्पत्ति** | | | |
| परल मुल्य | ८५५,०००।०० | ८५३,५०३।०० | ८२४,३२३।०० |
| न्युन : ह्रास कट्टि | १,४९७।०० | २९,१८१।०० | २९,१८०।०० |
| **जम्मा स्थिर सम्पत्ति** | **८५३,५०३।००** | **८२४,३२२।००** | **७९५,१४३।००** |
| पुँजीगत खर्च-निर्माणधिन परियोजना | | | |
| आयोजना विकास खर्च | ७,१८६।०० | ४४,६८९।०० | १०६,५५२।०० |
| **चालु सम्पत्ति** | - | १७,६५५।०० | १८,१३२।०० |
| नगद तथा बैंक मौज्दात | - | ३,८७२।०० | ७,८६१।०० |
| पेश्की धरौटी तथा प्राप्त हुँन बाँकी | ९,४५३।०० | ८,९८०।०० | ८,५३१।०० |
| **कुल चालु सम्पत्ति** | **१६,६३९।००** | **७५,१९६।००** | **१४१,०७६।००** |
| **न्युन : चालु दायित्व तथा व्यवस्था** | | | |
| व्यवसाय तथा अन्य दायित्व | १४,२९९।०० | १२,८६९।०० | ११,५८२।०० |
| व्यवस्था | | ६०१।०० | ७९२।०० |
| **कुल चालु दायित्व** | **१४,२९९।००** | **१३,४७०।००** | **५५,०००।००** |
| **जम्मा चालु सम्पत्ति** | **२,३४०।००** | **६१,७२६।००** | **६७,३७४।००** |
| स्थगन आयकर सम्पत्ति | | | ७३,७०२।०० |
| पुर्व संचालन खर्च | ८४,१५७।०० | ६७,३२६।०० | ५०,४९४।०० |
| **जम्मा सम्पत्ति** | **९४०,०००।००** | **९५३,३७४।००** | **९१९,३३९।००** |

### नाफा नोक्सान हिसाब

| विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ |
| **कुल आम्दानी :** | | | |
| **बिद्युत बिक्री आम्दानी** | | | |
| बिद्युत बिक्री -४ मेगा वाट | - | १२९,०८१.०० | १३२,९५३.०० |
| थप बिद्युत बिक्री-१मेगा वाट (५०%मुल्यमा) | - | १४,११७.०० | १४,११८.०० |
| **जम्मा आम्दानी** | - | **१४३,१९८।००** | **१४७,०७१।००** |
| **न्यून:** | | | |
| **संचालन खर्च** | | | |
| व्यापारिक उत्पादन ढिलाई गरे बापत दस्तुर | - | ४,३०३.०० | - |
| प्रशासनिक खर्च | - | १३,९२७.०० | १४,३४५.०० |
| बिमा खर्च | - | २,१३४.०० | २,०६१.०० |
| एजेन्सी दस्तुर बैक | - | ५६०.०० | ५३२.०० |
| सरकारलाई भुक्तान गरेको रोयल्टी | - | ३,३६४.०० | ३,४४१.०० |
| ह्रास खर्च | - | २९,१८०.०० | २९,१८०.०० |
| प्रारम्भिक खर्च अपलेखन | - | १६,८३१.०० | १६,८३१.०० |
| ब्याज खर्च | - | ४२,२२७.०० | ४०,३१३.०० |
| **कूल खर्च** | - | **११२,५२६।००** | **१०६,७०३।००** |
| **कर र बोनस अघिको नाफा /(नोक्सानी)** | - | **३०,६७२।००** | **४०,३६८।००** |
| **न्यून:** | - | | |
| कर्मचारी बोनसको ब्यबस्था | - | ६०१.०० | ७९२.०० |
| **कर अघिको नाफा /(नोक्सानी)** | - | **३०,०७१।००** | **३९,५७६।००** |
| चालू आयकर | - | - | - |
| **खुद नाफा/(नोक्सानी)** | - | **३०,०७१।००** | **३९,५७६।००** |
| अघिल्लो बर्ष सम्मको नाफा/(नोक्सानी) | - | - | **३०,०७१।००** |
| **बाँडफाँडका लागि उपलब्ध नाफा** | - | **३०,०७१।००** | **६९,६४७।००** |
| प्रस्तावित लाभांश | - | - | **५५,०००।००** |
| **वासलातमा सारिएको** | | **३०,०७१।००** | **१४,६४७।००** |

**कम्पनीको वित्तीय प्रक्षेपण कम्पनी आफैले गरेको हो यो विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा डि.बि एसोसिएट चार्टर्ड एकाउन्टेन्ट, श्री दिपक बोहरा रहनु भएको छ।**

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

१) धितोपत्रको सार्वजनिक निश्कासन गर्ने आधारमा निष्काशन पश्चात आ.व. २०७४/७५ मा शेयर पूँजी रु.१६,५०,००,०००।- ले बृद्धि हुने प्रक्षेपण गरिएको छ।

२) कम्पनीद्धारा विकास गरिने घलेम्दी खोला जलविद्युत आयोजनाको निर्माण २०७१ पौष महिना देखि प्रारम्भ गरेको तथा २०७५ श्रावण भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी २०७५ असोज १५ गते बाट व्यापारिक उत्पादन शुरु गर्ने योजना गरिएको छ।

३) घलेम्दी खोला जलविद्युत आयोजनाको कुल लागत अनुमान ब्याज सहित रु. ९४ करोड हुने प्रक्षेपण गरिएको छ।

४) उक्त आयोजना निर्माणको लागि ५८.५१:४१.४९ को अनुपातमा बैंक ऋण रु. ३९ करोड प्रयोग हुने र आयोजना निर्माणमा पहिले स्वपूँजी प्रयोग गरी तत्पश्चात मात्र बैंक ऋण उपयोग गर्न शुरु गरिने प्रक्षेपण गरिएको छ।

५) कम्पनीले आ.ब.२०७६/७७ मा रु.५.५० करोड, आ.ब.२०७७/७८ मा रु.५.५० करोड र आ.ब.२०७८/७९ मा रु.६.६० करोड लाभांश वितरण गर्ने प्रक्षेपण गरिएको छ।

६) नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्रि सम्झौता (PPA) को आधारमा २०७५ असोज १५ गते देखि नै आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन शुरु भईसक्ने एवं उक्त सम्झौताको आधारमा शतप्रतिशत क्षमता उपभोग गरी कन्ट्राक्ट इनर्जीको न्यूनतम ९०% विद्युत उत्पादन तथा बिक्री गरिने प्रक्षेपण गरिएको छ।

७) कर्मचारी खर्च एंव इन्धन खर्च हरेक बर्ष ३% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ।

८) प्लान्ट तथा मेशिनरीको विस्तृत मर्मत संभार (Overhauling) खर्च बार्षिक ३% ले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।
९) अन्य खर्चहरु बार्षिक ३% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।
१०) विद्युत बिक्रीको दर PPA मा व्यवस्था भए बमोजिम राखिएको छ र उक्त बिक्रीमा लाग्ने रोयल्टी खर्चको पनि प्रक्षेपण गरिएको छ ।
११) ह्रास खर्च सम्बन्धमा आयोजनासँग प्रत्यक्ष सम्बन्धित प्लान्ट, मेशिनरी, जग्गा एंव अन्य संरचनाहरु लाई आयोजना अवधिभर Straight Line Method अनुसार ह्रासकट्टी गरिएको छ र अन्य सम्पत्तिहरुको हकमा आयकर ऐन २०५८ को व्यवस्था अनुसार गरिएको छ ।
१२) बैंक ऋणको ब्याज गणनाको लागि ११% ब्याजदर लिईएको छ ।
१३) कर्मचारी बोनसको व्यवस्था विद्युत ऐन, २०४९ मा भएको व्यवस्था अनुसार हुनेछ ।
१४) बैंक ऋण चुक्ता गर्ने प्रक्षेपण:

| आर्थिक बर्ष | साँवा | ब्याज | किस्ता रकम | चुक्ता गर्न बाँकी रकम |
|---|---|---|---|---|
| ०७५/०७६ | १६,६९७ | ४२,२२७ | ५८,९२४ | ३७३,३०३ |
| ०७६/०७७ | १८,६११ | ४०,३१३ | ५८,९२४ | ३५४,६९२ |
| ०७७/०७८ | २०,७४४ | ३८,१८० | ५८,९२४ | ३३३,९४९ |
| ०७८/०७९ | २३,१२२ | ३५,८०२ | ५८,९२४ | ३१०,८२७ |
| ०७९/०८० | २५,७७२ | ३३,१५२ | ५८,९२४ | २८५,०५५ |
| ०८०/०८१ | २८,७२६ | ३०,१९८ | ५८,९२४ | २५६,३३० |
| ०८१/०८२ | ३२,०१८ | २६,९०५ | ५८,९२४ | २२४,३११ |
| ०८२/०८३ | ३५,६८८ | २३,२३५ | ५८,९२४ | १८८,६२३ |
| ०८३/०८४ | ३९,७७९ | १९,१४५ | ५८,९२४ | १४८,८४४ |
| ०८४/०८५ | ४४,३३८ | १४,५८५ | ५८,९२४ | १०४,५०६ |
| ०८५/०८६ | ४९,४२१ | ९,५०३ | ५८,९२४ | ५५,०८५ |
| ०८६/०८७ | ५५,०८५ | ३,८३८ | ५८,९२४ | ० |

**ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(१) संगठित संस्थाको सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७८।६६ | ८०।०७ | ७९।९७ | ८४।७० | ९३।२३ | ९३।४८ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | - | - | ५।४७ | ७।२० |

**२. विगत तथा आगामी ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :** **(रु.हजारमा)**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.०७१/०७२ | आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ |
| चुक्ता पुंजी | २१४,४१६.८२ | ३०४,१९१.८२ | ३८५,000.00 | ५५0,000.00 | ५५0,000.00 | ५५0,000.00 |
| जगेडा तथा कोषहरु | | | | | ३०,०७१.०० | १४,६४७.०० |
| **कुल** | - | – | – | – | | |
| घटाउने :अपलेखन गर्न बाँकी खर्च | ४५,७४८.८७ | ६०,६३०.०६ | ७७,११८.९० | ८४,१५७.०० | ६७,३२६.०० | ५०,४९४.०० |
| **कुल नेटवर्थ** | **१६८,६६७९५** | **२४३,५६१।७६** | **३०७,८८१।१०** | **४६५,८४३।००** | **५१२,७४५।००** | **५१४,१५३।००** |
| शेयर संख्या (हजारमा) | २,१४४.१७ | ३,०४१.९२ | ३,८५०.०० | ५,५००.०० | ५,५००.०० | ५,५००.०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ७८.६६ | ८०.०७ | ७९.९७ | ८४.७० | ९३.२३ | ९३.४८ |
| प्रति शेयर चुक्ता पुंजी | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| नेटवर्थमा औसत प्रतिफल(%) | - | – | – | – | ५.८६ | ७.७० |
| निष्काशनपूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | |

**द्रष्टव्य** : कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका औचित्यपूर्ण र यथार्थपरक रहेको छ भनी प्रमाणित गर्ने श्री. **डि.बि एसोसिएट चार्टर्ड एकाउन्टेन्ट, श्री दिपक बोहरा** ज्यूले गर्नु भएको हो ।

## १०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

### क. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजीको ३०% अर्थात रु.१६,५०,००,०००/–(अक्षरेपी सोह्र करोड पचास लाख रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/– को १६,५०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्याईएको छ। जसमध्ये आयोजना प्रभावित (उद्योग प्रभावित) क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली (प्रथम सशोधन), २०७३ बमोजिम रु.५,५०,००,०००/– बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/–को ५,५०,००० कित्ता शेयर छुट्याई निष्काशन तथा बिक्री गरी आयोजना प्रभावित म्याग्दी जिल्ला अन्नपुर्ण गाउँपालिकाका स्थानीय बासिन्दाहरुका लागि निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिनु तथा कम्पनीबाट निर्माणका लागि अगाडी सारिएका आयोजनाको विकासका लागि पूँजी संकलन गर्नु यस निष्काशनको मुख्य उद्देश्य हो।

### ख. धितोपत्र निष्कासनबाट प्राप्त पुँजीको उपयोग

**(१) निष्कासनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धि विवरण :**
आयोजना प्रभावित क्षेत्र म्याग्दी जिल्ला अन्नपुर्ण गाउँपालिकाका स्थानीय बासिन्दाहरु र सर्वसाधारणहरुमा धितोपत्र निष्काशन गरी प्राप्त हुने कूल रकमलाई कम्पनीले घलेम्दी खोला जलविद्युत आयोजनाको बिकास तथा निर्माण उपयोग गर्नेछ।

**(२) सार्वजनिक निष्कासन गरिने धितोपत्र पूर्ण रुपमा विक्री नभएमा सार्वजनिक निष्कासनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :** विगतमा सोही प्रकारका अन्य जलविद्युत कम्पनीले शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परी शेयर कारोबार समेत भई सकेकोछ। कथंकदाचित निष्काशन गरिने शेयर स्थानिय बासिन्दाहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागी निष्काशन गरिने शेयरमा थप गरिनेछ।

**(३) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :** यस कम्पनीले विकास गरेको घलेम्दी खोला जलविद्युत आयोजना म्याग्दी जिल्लाको अन्नपुर्ण गाँउपालिका वडा नं ४, नारच्याङ्गमा रहेको छ। पवार हाउस देखि घराप स्थित रहेको सबस्टेशनमा ग्रीड जडानको निम्ती २३ वटा टावर सहित ३३ के.भी. ट्रान्समिशन लाइने (करिब ३.५ कि.मि) स्थाईरुपमा निर्माण भइसकेको छ। इन्टेक, डिशेन्डिङ्ग बेसिन, सुरुङ्ग निर्माणका कार्य सम्पन्न भईसकेको छ भने पेन्स्टक राख्ने, टर्वाइन जडान गर्ने स्थलको प्रारम्भिक निर्माण कार्य सम्पन्न भईसकेको छ।

**(४) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :** कम्पनीले घलेम्दी खोला जलविद्युत आयोजनाबाट व्यवसायिक रुपमा विद्युत उत्पादन काय गर्न मिति २०७५ असोज १५ बाट उत्पादन शुरु गर्ने लक्ष्य राखिएको छ।

**(५) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :**
घलेम्दी खोला जलविद्युत आयोजनाको लागि मिति ४ डिसेम्वर २०१६ मा भारतको Flovel Energy Company Pvt Ltd. बाट जम्मा रु. १४.३६ करोड बराबर मूल्यको Electromechanical Equipment हरु खरिद गर्ने सम्झौता गरी उपकरणहरु ल्याई जडान कार्य गरिरहेको छ।

**(६) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको।

**(७) उत्पादन सम्बन्ध आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीको उत्पादन विद्युत हो, सो को प्रयोग कर्ता नेपालका देशबासीहरु रहेका छन्, साना जलविद्युतको क्षेत्रमा धरै कम मात्रामा मात्र प्रतिस्पर्धा रहेकोछ र कम्पनीको विद्युत उत्पादन क्षमता ५ मेगावाट रहेको छ।

**(८) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत :** घलेम्दी खोलाको पानी र सो स्रोत उपयोगका लागि उर्जा मन्त्रालय,विद्युत विकास विभागबाट ३५ बर्षका लागि अनुमति प्राप्त भएको छ।

**(९) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** म्याग्दी जिल्लाको अन्नपुर्ण गाँउपालिका वडा नं. ४ नारच्याङ्गमा बग्ने घलेम्दी खोलाको पानी।

**(१०) सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धि विवरण:**

(अ) निष्कासन तथा बिक्री प्रबन्धक :
यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा र आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त बिक्री गरिने साधारण शेयरको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धि कार्यका लागि नियुक्त भिवोर क्यापिटल लिमिटेड, कृष्णगल्ली, ललितपुरलाई उक्त सेवा प्रदान गरे बापत एकमुष्ठ रु. ११,००,०००/ (अक्षरुपी एघार लाख मात्र) सेवा शुल्कको रुपमा दिइनेछ।

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – सो नभएको।

(ई) प्रत्याभूतिकर्ता शुल्क – रु. ८,२५,०००/–

(इ) विज्ञहरुको– नभएको।

(उ) लेखापरिक्षकको शुल्क – प्रक्षेपित वित्तीय विवरण प्रमाणित गरे बापत रु.२५,०००/– भुक्तानी गरिएको।

(ऊ) अन्य – बाँडफाँडमा परेको शेयरहरु सम्बन्धीत शेयरधनीहरुको हितग्राही खातामा जम्मा गर्दा प्रशोधन शुल्क प्रतिशेयरधनी रु. २/- सेवा शुल्कको रुपमा भुक्तनी हुनेछ र आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाको हकमा शेयर प्रमाणपत्र वितरण गरे बापत प्रति प्रमाणपत्र रु.३/– का दरले भुक्तानी दिने ब्यबस्था गरिएको छ।

**ग. सार्वजनिक निष्कासनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः** यस सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई तत्काल घलेम्दी खोला जलविद्युत आयोजनाको परियोजना कर्जाको आवधिक अग्रिम भूक्तानीमा प्रयोग गरिने छ ।

**घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मुल्यमा प्रिमियम थप गरिएको छैन ।

**ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(१) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदको प्राप्त आवेदनहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको प्रावधानअनुसार आवेदकलाई धितोपत्र बाँडफाँड गरिनेछ । यसरी बाँडफाँड पश्चात प्रचलित धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धी व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई साधारण शेयर सूचिकरण भए पश्चात सम्बन्धीत आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ । घलेम्दी खोला जलविद्युत आयोजनाले म्याग्दी जिल्ला अन्नपुर्ण गाँउपालिका भित्र स्थायी बसोबास गर्ने प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित गरिएको जारी पूँजी मध्येको ५,५०,००० कित्ता साधारण शेयर खरिद गर्न पाउने छन् । कम्पनीले स्थानिय बासिन्दाहरुलाई खरिद गर्न आब्हान गरेको सम्पुर्ण साधारण शेयर बिक्री नभई बाँकी रहेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली (पहिलो संशोधन), २०६७ को दफा ७ को उपदफा १५ बमोजिम उक्त बाँकी रहेको शेयर सर्वसाधारणहरुमा थप गरी निष्काशन गरिनेछ।

**(२) अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था :** शेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र (Allotment Advice) र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

**(३) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** धितोपत्र निष्कासन निर्देशिका, २०६५ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट–पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को दफा २४ (२) मा भएको ब्यबस्था बमोजिम शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

**(४) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधी :** निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र शेयर प्रमाण पत्र वितरण गरिनेछ ।

**(५) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।

**(६) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** प्रचलित धितोपत्र निष्काशन निर्देशिका, २०६५ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था बमोजिम, स्थानीयबासीलाई साधारण शेयरको निष्काशन गरी बाँडफाडँ गरिनेछ । यस विवरणपत्र मार्फत स्थानयीबासीलाई निष्काशन गर्न लागिएको धितोपत्र र तत् पश्चात सर्वसाधारणलाई निष्काशन गरिने धितोपत्र एकै पटक नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड लिमिटेडमा प्रचलित सुचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(१)धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि सुरक्षित गरी जारी गरिने र उक्त शेयरहरु बिक्री नभएमा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयरमा थप गरी बिक्री गर्नु पर्ने भएकोले रु. १६,५०,००,००० को प्रत्याभुति गर्न एनआईविएल एस क्यापिटल मार्केट लि. संग संझौता गरिएको छ ।

**(२)धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :** सो नभएको ।

**छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(१) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँटमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी ब्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**(२) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

अ. यस कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा १६, वनस्थली, काठमाण्डौ र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक भिवोर क्यापिटल लिमिटेड, ट्रेडटावर थापाथली, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राखि प्राप्त गर्न सकिनेछ ।

आ. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

इ. दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम २७५० (दुई हजार सात सय पचास) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

**(३) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

म्याग्दी जिल्लाको अन्नपुर्ण गाँउपालिकाका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. कुनै पनि नेपाली नागरिकले मात्र यस विवरण-पत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिनसक्नेछन् । आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ । साथै जारी गरिएको शेयर तोकिएको अवधिभित्र बिक्री नभएमा मात्र यस संगठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिदका लागि दरखास्त दिन सक्नेछ ।

२. आवेदन फारम नेपाली तथा अंग्रजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ । साथै दरखास्त फाराममा दरखास्तवालाले आफ्नो नागरिकता प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

३. स्थानीयको बारेमा कुनै विवाद आएमा विगत ५ बर्ष देखि स्थायी रुपमा बसोबास गरेको व्यहोरा सम्बन्धीत नगरपालिकाले सिफारिस गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।

४. नावालकको हकमा संरक्षकको विवरण दरखास्त फारमसाथ अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

५. बसाईं सराई गरि आएको हकमा विद्युत केन्द्रबाट व्यापारिक उत्पादन शुरु हुने मिति २०७५ असोज १५ गते भन्दा ६ महिना अगावै बसाईं सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।

६. माथि उल्लेखित छुटेका अन्नपुर्ण गाउँपालीकाबासी वा वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गाउँपालिकाको सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।

७. १६ बर्ष उमेर पुगी नागरिकता लिएका तर विवाह गरी अन्नपुर्ण गाउँपालीका छोडी अन्य ठाउँ गएका महिला एवं गाउँपालीका छोडि बसाईं सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरुक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।

९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।

१०. आवेदन फाराम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सवै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।

१२. उद्योग प्रभावित क्षेत्रका बासिन्दाबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन् ।

१३. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फाराम बुझाएको दरखास्त फारामलाई रद्द गरिनेछ ।

१४. उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५०,०००/-भन्दा वढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

१७. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन । सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

१८. बाँडफाँडबाट कायम शेयरधनीहरुको शेयरलाई श्री नेपाल स्टक एकसचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियारिङ्ग लिमिटेडमा सूचिकरण पश्चात बाँफाँडमा परेको शेयरलाई दरखास्त आवेदन फारममा उल्लेख गरेको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१९. शेयर खरिदको लागि दरखास्त दिँदा कम्तीमा ५० (पचास) कित्ता र बढीमा २७५० (दुई हजार सात सय पचास) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिने छ । ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिंदा १० अंकले भाग जाने संख्यामा दरखास्त दिनु पर्नेछ ।

२०. हितग्राही खाता खोलि सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।

## ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**नष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम सम्वन्धी विवरण:**

(क) कम्पनीको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : कारोबार नभएको ।

(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।

(घ) कम्पनीको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : सो नभएको ।

(ङ) कम्पनी वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा कम्पनीको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

## १२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी ब्यबस्थापनमा नरहेको ।

## १३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण उल्लेख गर्नुपर्ने :

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या: निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।**

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

## १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

## १५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

**अ) लेखा परिक्षक :** यस कम्पनीको आ.व. २०७३/७४ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरिक्षण एस. बगाले एण्ड कम्पनी चार्टर्ड एकाउन्टेण्ट्स, नक्साल, काठमाण्डौंका चार्टर्ड एकाउन्टेण्ट, श्री सागर बगालेले गर्नुभएको हो । आ.व. २०७४/७५ को लागि साधारणसभाबाट डि.बि. एशोसियट्सका श्री दिपक बोहरालाई लेखापरिक्षकको रुपमा नियुक्त गरेको छ ।

**आ) प्रमुख बैंक :** यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन ।

**इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।**

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खाता नं. |
|---|---|---|
| १. | श्री लुम्बिनी बिकास बैंक लि., त्रिपुरेश्वर, काठमाण्डौं । | ०३१००१२०००४१०२००००००७ |

साथै आवश्यकता अनुसार निष्कासन वन्द भएको मितिले ३ दिन भित्र वोर्डलाई जानकारी दिइ अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
यस विवरण-पत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने विज्ञमा डि.वि. एशोसियटस्, नक्साल, काठमाण्डौंका चार्टर्ड एकाउन्टेण्ट, श्री दिपक बोहोराले गर्नुभएको हो ।

उ) **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ :** यस विवरण-पत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री डि.वि. एशोसियटस्का श्री दिपक बोहोराद्धारा प्रमाणित गरिएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :**

(१) आ.ब.०७३/७४ को लेखापरिक्षण गर्नका लागि चार्टर्ड एकाउन्टेण्ट संस्था एस.बगाले एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेण्ट्स, नक्साल, काठमाण्डौंलाई लेखापरिक्षण शुल्क रु.१,५०,०००/–भुक्तानी गर्ने गरी बार्षिक साधारण सभाबाट नियुक्त गरिएको ।

(२) सार्वजनिक निष्काशनको क्रममा संलकन भएको रकम निष्काशन बैंकमा जम्मा गरिनेछ ।

**१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**
यो परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्वलगानी तथा परियोजना निर्माण र संचालनका लागि आवश्यक ऋण पूँजी जुटाउन परियोजनाका भौतिक संरचना लुम्बिनी बिकास बैंक लि. र टुरिजम डेभलपमेन्ट बैंक लि. बाट ऋण व्यवस्थापन गरिएको छ ।

**१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : सो नभएको ।**

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको ।

**१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**
निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् :
फोन नं.:५११११५९/५१११९७२, E-mail : info.viborcapital@gmail.com / info@viborcapital.com

**गुनासो सुन्ने अधिकारिको विवरण :**
नाम : श्री पवन रेग्मी
पद : बरिष्ठ बजार निर्देशक अधिकृत
फोन नं.: ५११११५९, ५१११९७२

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्कासन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्कासन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

२० **ऋणपत्र निष्कासन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरिएको छैन र आवश्यकताअनुसार ऋणपत्र जारी गर्न सकिने छ ।

२१. **अग्राधिकार शेयर निष्कासन सम्बन्धी विवरण :** सो नभएको ।

**२२. अन्य सामान्य जानकारी :**

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** सो नभएको ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण संचालकमा भएको परिवर्तन :** सो नभएको

**ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
म्याग्दी जिल्ला, अर्थुङ्गे गा.वि.स. वडा नं. ३ निवासी व्यवस्थापन शंकायमा स्नातक शैक्षिक योग्यता हासिल गरी साथै म्याग्दी विल्डर्स एवं यस घलेम्दी हाईड्रो लिमिटेडमा क्रियाशिल, रहेर ६ वर्षको कार्य अनुभव हासिल गर्नु भएका श्री लक्ष्मी निधि रिजाल यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

**(घ) सार्वजनिक निष्कासन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**
कम्पनीको मिति २०७३/०९/१५ गते सम्पन्न तेस्रो साधारणसभाले कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजी मध्येको ३०% शेयर सर्वसाधारणमा छुट्टाइएको (उद्योग प्रभावित जिल्लाका स्थानिय बासिन्दाहरु समेत) रु.१००/–अंकित दरको १६,५०,००० कित्ता साधारण शेयर मध्ये रु.५,५०,००,०००/–बराबरको रु.१००/–अंकित दरको ५,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) म्याग्दी जिल्ला अन्नपुर्ण गाउँपालिका बासिन्दाहरुका लागि निष्काशन गरिने निर्णय गरिएको छ । साथै सो कार्यको लागि भिबोर क्यापिटल लिमिटेड, ट्रेडटावर, थापाथली, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकमा नियुक्त गर्ने निर्णय गरेकोछ ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :** सो नभएको आयकर ऐन २०५८ को दफा ११ (३ घ) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो दश वर्षसम्म आयकर छुट पाउनेछ र त्यस पछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने छ ।
साथै विद्युत ऐन २०४९ को दफा १२ (७) तथा आर्थिक ऐन २०७२ को दफा (२) को उपदफा (१) अन्तर्गत आयोजना निर्माणको लागि आवश्यक स्टील, पाइप, उपकरण आदीको आयातमा भन्सार महशुल १ प्रतिशत लाग्ने एवं मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ५(३) अन्तर्गत मूल्य अभिवृद्धि कर पुरै छुट हुने सुविधा दिइएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**
कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।
१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, का.म.न.पा १६ वनस्थली,काठमाण्डौ ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक- श्री भिवोर क्यापिटल लिमिटेड, ट्रेडटावर थापाथली, काठमाण्डौं नेपाल स्थित कार्यालय ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**
हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने ५,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) म्याग्दी जिल्ला अन्नपुर्ण गाँउपालिकाका बासिन्दाहरुका लागि निष्काशन गरिएको छ । यस बिवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुलाई थप गरी बिक्री गर्न सकिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेकोछ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) म्याग्दी जिल्ला अन्नपुर्ण गाँउपालिकामा कम्तिमा चार संकलन केन्द्रको ब्यबस्था गरी आवदेन फाराम तथा विवरणपत्र वितरण र आवेदन फाराम सहित दरखास्त रकम बुझिलिने ब्यबस्था गरिनेछ ।
क) गरिमा विकास बैंक लिमिटेड, पोखरेवगर, म्याग्दी ।
ख) माछापुच्छे बैंक लिमिटेड, बेनी, म्याग्दी ।
ग) प्रभु बैंक लिमिटेड, बेनी, म्याग्दी ।
घ ग्लोबल आईएमई बैंक लिमिटेड, बेनी, म्याग्दी ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति ई.स.२०१७/१२/०५ ref no.ICRAN/04/075/GRA/18 मा औसत भन्दा तल आधारहरु (Fundalmentals) जनाउने "[ICRANP]IPO Grade 4" ग्रेडिङ्ग "प्रमाणपत्र प्राप्त गरेको छ । । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक- भिबोर क्यापिटल लिमिटेड, ट्रेडटावर,थापाथलीमा रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) घलेम्दी खोला जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।

२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

**(ढ) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का ब्यबस्थाहरु देहाय बमोजिम रहेको छ :**

**(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यकता कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरिसकेको :**

कम्पनी एन, २०६३ बमोजिम मिति २०७० साल पुष २४ गते नेपाल सरकार, कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई आफ्नो उद्देश्य अनुसारको कारेबार संचालन गरिरहेको छ । कम्पनी रजिष्टारको कार्यालयबाट यस कम्पनीको पछिल्लो आ.व २०७३/०७४ सम्मको अध्यावधिक भैसकेको छ ।

**(२) नियमानुसार लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको :**

कम्पनीले पछिल्लो पटक मिति २०७४ पौष २२ गते साधारण सभा सम्पन्न गरी आ.व. २०७३/७४ सम्मको लेखापरिक्षण प्रतिवेदन पारित गरिसकेको छ । उक्त साधारण सभाले डि.वी एशोसियटस एण्ड चाटर्ड एकाउण्टेण्टस्का चाटर्ड एकाउण्टेण्ट श्री दिपक बोहोरालाई आ.व. २०७४/७५ को लागि लेखापरिक्षक नियुक्त गरेको छ ।

**(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि सम्वन्धित निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :**

कम्पनीले घलेम्दी खोला जलविद्युत आयोजनाको लागि २०७०/०९/१४ मा ४ मेगावाट क्षमताको बिद्युत उत्पादन गर्ने अनुमति सिमाट पावर डेभलपमेन्ट कम्पनी प्रा. लि. का नाममा प्राप्त गरेको साथै उक्त अनुमतिपत्र २०७१/०९/२१ मा घलेम्दी हाईड्रो लि. का नाममा नामसारी भएको । त्यस्तै २०७२/१०/१७ मा ५ मेगावाटका लागि सैद्धान्तिक सहमति प्राप्त गरेको साथै मिति २०७३/१२/३१ मा नेपाल विद्युत प्राधिकरण संग न्चष्म ऋयललभअतष्यल को सम्झौता गरी नेपाल विद्युत प्राधिकरण संग नै मिति २०७४/०४/१९ मा थप १ मेगावाट क्षमताको लागि विद्युत खरीद विक्री सम्झौता गरेको एवं २०७४/१२/२५ मा ५ मेगावाट क्षमताको विद्युत प्राप्त उत्पादनको अनुपतिपत्र लिएको ।

**(४) संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :**

कम्पनीले आयोजनाको भौतिक संरचनाहरु निर्माण प्रयोजनका लागि कम्पनीले तपसिल बमोजिम जग्गा प्राप्त गरि, भोगाधिकार प्राप्त गरि लिईसकेको छ ।

**तपसिल**

यस आयोजनाले म्याग्दी जिल्लाको साबिक नारच्याङ्ग गा. वि. स ( हाल अन्नपुर्ण गाऊँपालिका वडा नं. ४ नारच्याङ्ग ) मा पर्ने अन्नपुर्ण संरक्षण क्षेत्र अर्न्तगतको ३८-०८-०१-०२ ( अक्षरमा अठतिस रोपनी आठ आना एक पैसा दुई दाम ) क्षेत्रफल रहेको जग्गा नेपाल सरकारका मन्त्रीपरिषदको मिति २०७१/११/१४ को निर्णयबाट ३४ वर्पका लागि भोगाधिकार प्राप्त गरेको छ सो वापतको जग्गा सट्टाभर्ना समेत गरिसकेको छ ।

**(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको :**

घलेम्दी खोला जलविद्युत आयोजनाको लागि सम्पूर्ण यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद कार्य आरम्भ गरिसकेको छ ।

भारतको Flovel Envergy Pvt. Ltd. ले निर्माण गरेको एककाइसौं शताब्दीको अत्याधुनिक प्रविधिबाट संचालन हुने मेशिनहरुको मूल्य रु. १४.३६ करोड रहेको छ । उपरोक्त मेसिनहरुका मुल्य भुक्तान गरी परियोजनास्थलमा ल्याई जडान गर्ने काम भैरहेको छ । यी मेशीनहरु संचालनमा आएको मिति देखी १.५ वर्ष सम्मको वारण्टीको व्यवस्था गरिएको छ ।

**(६) परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको :**

घलेम्दी खोला जलविद्युत आयोजनाको लागि १५ अगस्ट, २०१६ मा लुम्बिनी बिकास बैंक लिमिटेडको अगुवाइमा लुम्बिनी बिकास बैंक लिमिटेड र टुरिजम डेभलपमेन्ट बैंक लिमिटेड समेतको सहभागितामा फाइनान्सियल क्लोजर भइसकेको छ ।

**(७) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :**

यस कम्पनीले मिति २०६९/१२/३० मा ४ मेगावाटका लागि र २०७४/०४/१९ मा थप १ मेगावाटका लागि गरि ५ मेगावाटको विद्युत खरिद विक्रि सम्झौता नेपाल विद्युत प्रधिकरण सँग गरिसकेको छ । त्यस्तै वर्ल्ड वाईड कस्ट्रक्सन प्रा. लि. संग सिभिल, CE Hydromechanical works Pvt Ltd संग Hydromechanical एवं Flovel Energy Pvt. Ltd. संग Electromechanical कामका लागि सम्झौता गरि सबैले कार्य गरिरहेको ।

**(८) परियोजना निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :**
घलेम्दी खोला जलविद्युत आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत छौं ।

**(९) संस्थापकहरुले आफुले लिन कबुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको :**
संस्थापकहरुको आफूले लिन कबुल गरेको ३८,५०,००० शेयर कित्ताको प्रति शेयर रु. १०० का दरले रु. ३८,५०,००,०००/- (अक्षरेपी अठतिस करोड पचास लाख मात्र) शत प्रतिशत चुक्ता भईसकेको छ ।

**(१०)सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :**
स्थानियबासीमा निश्कासन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम पुर्ण रुपमा बिक्री गरिने प्रावधान भएकोले रु. १६,५०,००००० को प्रत्याभुति गर्न एनआईबिएल क्यापिटल मार्केट लि. संग संझौता गरिएको छ ।

**(ण) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने स्थानीयबासीको लागि आवेदन दिने अवधि अधिकतम २१ दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ । तर विवरणपत्रमा गरिएको ब्यबस्था अनुसार कुनै पनि हालतमा १५ दिन भन्दा अगाडी शेयर खरिदको आवेदन लिने कार्य बन्द गरिने छैन ।

**२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | किशोर सुवेदी | अध्यक्ष | |
| २. | नारायण वाबु अधिकारी | संचालक | |
| ३. | प्रमोद श्रेष्ठ | संचालक | |
| ४. | सिमाट पावर डेभलपमेन्ट कम्पनी प्रा लि.<br>(प्रतिनिधी शरदराज श्रेष्ठ) | संचालक | |
| ५. | टंक प्रसाद बरुवाल | संचालक | |
| ६. | उत्तम प्रसाद बैद्य | संचालक | |

२४. निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टीफिकेट) को प्रति :

VIBOR
भिबोर क्यापिटल लि.
VIBOR CAPITAL LTD.
Securities Board of Nepal Licensed Merchant Banker for

**VIBOR CAPITAL LTD.**
•Issue Management • Underwriting
•Portfolio Management • RTS Service

Ref. NO.: VCL/074/75/67

२०७४/०६/२५

श्री नेपाल धितोपत्र बोर्ड,
संस्थागत वित्त विभाग,
जावलाखेल, ललितपुर ।

विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।

महोदय,

धौलागिरी अञ्चल, म्याग्दी जिल्ला, बेनी, अर्धुङ्गे वडा नं.१ ठेगाना भएको घलेम्दी हाइड्रो लिमिटेडले स्थानीय बासिन्दाहरुका लागि जारी गर्न लागेको रु.१००/- दरको ५,५०,००० (पाँच लाख पचास हजार) कित्ता साधारण शेयरहरुको निष्काशन गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस कम्पनी मञ्जुर गर्दछ । स्थानीय बासीन्दाहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानुनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणत्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्कम धारणा रहेको छ ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हामो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सि डि एस एण्ड क्लियरिङ्ग लिमिटेडको धितोपत्र सूचिकरण विनियमावली, २०५३ र २०६८ बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी सँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धि निर्देशिकामा उल्लेखित सबै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु सँग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक तर्फबाट
**भिबोर क्यापिटल लिमिटेड**

नाम : बद्रि बिक्रम थापा

पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप : VIBOR भिबोर क्यापिटल लि VIBOR CAPITAL LTD

Trade Tower, 4th Floor, Thapathali, Kathmandu || Tel +977-01-5111159, 5111172

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

ASSOCIATES
CHARTERED ACCOUNTANTS
INTEGRITY | PROFESSIONALISM | COMPETENCE

## जो जससंग सम्बन्धित छ ।

धितोपत्र सार्वजनिक निष्कासन प्रयोजनका लागि घलेम्दि हाईड्रो लि. को व्यवस्थापन द्वारा कम्पनिको योजना, अनुमान तथा देहायबमोजिमका आधार तथा तरिका अनुरुप आ.ब. २०७४.७५ देखि आगामि ३ (तीन) बर्षका लागि तयार गरिएको वित्तिय प्रक्षेपण (वासलात, नाफा नोक्सान हिसाब) प्रमाणित गरिन्छ ।

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

१) धितोपत्रको सार्वजनिक निश्कासन गर्ने आधारमा निष्काशन पश्चात आ.व. २०७४/७५ मा शेयर पूँजी रु. १६,५०,००,०००।- ले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

२) कम्पनीद्धारा विकास गरिने घलेम्दी खोला जलविद्युत आयोजनाको निर्माण २०७१ पौष महिना देखि प्रारम्भ गरेको तथा २०७५ जेष्ठ भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी २०७५ साउन १ गते बाट व्यापारिक उत्पादन शुरु गर्ने योजना गरिएको छ । विद्युत् खरिद सम्फौता बमोजिम कम्पनिले मिति ३० कार्तिक २०७४ देखि ४ मेघावाट तथा मिति ३ भाद्र २०७७ देखि १ मेघावाटको व्यापारिक उत्पादन गर्नु पर्नेमा व्यापारिक उत्पादन ढिला हुन जाने देखिएकाले सो ढिला अवधिको सम्फौतामा उल्लेख भएबमोजिम ५% का दरले हर्जाना रकम प्रक्षेपण गरिएको छ ।

३) घलेम्दी खोला जलविद्युत आयोजनाको कुल लागत अनुमान बैंक ब्याज सहित रु. ९४ करोड हुने प्रक्षेपण गरिएको छ ।

४) कम्पनिले आयोजना सम्पन्न गर्नका लागि बैंकसंग गरेको सम्फौता बमोजिम रु. ४५ करोडको कर्जा स्वीकृत रहेको र सर्वसाधारणलाई जारि गरिएको शेयर जम्मा भए पश्चात उपरोक्त बमोजिमको कर्जा रकम मध्ये रु. ३९ करोडमात्र उपयोग हुने प्रक्षेपण गरिएको छ । उक्त आयोजना निर्माणको लागि शेयर पुंजी तथा बैंक कर्जा ५८.५१:४१.४९ को अनुपातमा हुने र आयोजना निर्माणमा पहिले स्वपूँजी प्रयोग गरी तत्पश्चात मात्र बैंक ऋण उपयोग गर्न शुरु गरिने प्रक्षेपण गरिएको छ ।

५) कम्पनीले आ.ब.२०७६/७७ मा रु.५.५० करोड, आ.ब.२०७७/७८ मा रु.५.५० करोड र आ.ब.२०७८/७९ मा रु.६.६० करोड लाभांश वितरण गर्ने प्रक्षेपण गरिएको छ ।

६) नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्रि सम्फौता (PPA) को आधारमा २०७५ साउन १ गते देखि नै आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन शुरु भईसक्ने एवं उक्त सम्फौताको आधारमा शतप्रतिशत क्षमता उपभोग गरी कन्ट्राक्ट इनर्जीको न्यूनतम ९०% विद्युत उत्पादन तथा बिक्री गरिने प्रक्षेपण गरिएको छ ।

७) कर्मचारी खर्च एंव इन्धन खर्च हरेक बर्ष ३% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।

८) प्लान्ट तथा मेशिनरीको विस्तृत मर्मत संभार (Overhauling) खर्च बार्षिक ३% ले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

९) अन्य खर्चहरु बार्षिक ३% ले वृद्धि हुने गरी प्रक्षेपण गरिएको छ ।

१०) विद्युत बिक्रीको दर PPA मा व्यवस्था भए बमोजिम राखिएको छ र उक्त बिक्रीमा लाग्ने रोयल्टी खर्चको पनि प्रक्षेपण गरिएको छ ।

ASSOCIATES
CHARTERED ACCOUNTANTS

११) ह्रास खर्च सम्बन्धमा आयोजनासँग प्रत्यक्ष सम्बन्धित प्लान्ट, मेशिनरी, जग्गा एंव अन्य संरचनाहरु लाई आयोजना अवधिभर Straight Line Method अनुसार ह्रासकट्टी गरिएको छ र अन्य सम्पत्तिहरुको हकमा सम्पतिको आयुको आधारमा ह्रासकट्टी गरिएको छ ।

१२) बैंक ऋणको ब्याज गणनाको लागि वार्षिक ११% ब्याजदर लिईएको छ ।

१३) कर्मचारी बोनसको व्यवस्था विद्युत ऐन, २०४९ मा भएको व्यवस्था अनुसार कर अधिको मुनाफाको २% का दरले छुट्याईएको छ ।

१४)कम्पनिको IRR गणनाको लागि पुजि लागत बैंक ब्याजदर बार्षिक ११% लाई आधार लिईएको छ ।

१५) मर्मत तथा सुधार जगेडा बापत विद्युत बिक्री आयको बार्षिक ३% का दरले हुन आउने कुल जगेडा रकम रु. २ करोड रहने प्रक्षेपण गरिएको छ ।

१६) प्लान्ट तथा मेशिनरी प्रतिस्थापन बापत हरेक ५ (पांच) बर्षमा Hydro/Electro Meachanical Cost को ५% ले हुने रकम बराबर प्लान्ट तथा मेशिनरी थप गरिएको छ ।

Deepak Bohara 23.06.2074

सि.ए. दिपक बोहरा
डि.बि. एसोसिएट्स
नक्साल, काठमाडौं

ASSOCIATES
CHARTERED ACCOUNTANTS